# राफसाफ बैंक तथा नेटिङ्ग प्रणाली मार्फत गरिने

## अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यविधि, २०७४ (पहिलो संशोधन, २०७७)

**प्रस्तावना :** धितोपत्र विनिमय बजारमा भएका कारोबारहरुको राफसाफ तथा फछ्र्यौट कार्यलाई सहज रुपमा सम्पन्न गर्नु वाञ्छनीय भएकोले धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (चौथो संशोधन, २०७७) को संशोधित व्यवस्था बमोजिम सिडिएस एण्ड क्लिएरिङ्ग लिमिटेड (सिडिएससि) ले यो कार्यविधि बनाई लागू गरेको छ । यो कार्यविधि कार्यान्वयनका लागि नेप्से, सिडिएससि, राफसाफ बैंक तथा राफसाफ सदस्यहरु बीच बहुपक्षीय सम्झौता गर्नु पर्नेछ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यविधि, २०७४ (पहिलो संशोधन, २०७७)” रहेको छ ।

(२) यो कार्यविधि सिडिएससिको संचालक समितिले तोकेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"CDAS सफ्ट्वेयर”** भन्नाले धितोपत्रको अभौतिकीकरण गर्ने धितोपत्रहरुको विद्युतीय निक्षेप गर्ने तथा सो सँग सम्बन्धित अभिलेख राख्ने विद्युतीय प्रणाली सम्झनु पर्छ ।

(ख) **"Clearing and Settlement Software (CNS)"** भन्नाले अभौतिक धितोपत्रसँग सम्बन्धित कारोबारहरुको राफसाफ तथा फछ्र्यौट कार्य गर्नको लागि सिडिएससिले राफसाफ सदस्य तथा राफसाफ बैंकलाई प्रदान गर्ने प्रणालीलाई बुझाउने छ ।

(ग) **"Pay-in"** भन्नाले राफसाफ सदस्यको पुल खाताबाट सिडिएससिको सम्बन्धित पुल खातामा धितोपत्र र रकमको हस्तान्तरण प्रक्रियालाई सम्झनु पर्छ ।

(घ) **"Pay-out"** भन्नाले सिडिएससिको पुल खाताबाट राफसाफ सदस्यको सम्बन्धित पुल खातामा धितोपत्र र रकमको हस्तान्तरण प्रक्रियालाई सम्झनु पर्छ ।

(ङ) **"Close-out"** भन्नाले धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (तेस्रो संशोधन, २०७३ सहित) को विनियम २० र २१ मा व्यवस्था भए अनुसार कारोबार राफसाफ तथा फछ्र्यौट गर्ने कार्य सम्झनु पर्छ ।

(च) **"DP Charge"** भन्नाले निक्षेप सदस्यले एउटा डिम्याट् खाताबाट अर्को खातामा धितोपत्र हस्तान्तरण गर्दा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (दोस्रो संशोधन २०७३) बमोजिम लिने दस्तुर सम्झनु पर्छ ।

(छ) **"No Delivery Period (NDP)"** भन्नाले धितोपत्रको कारोबार हुने तर धितोपत्रको हस्तान्तरण नहुने अवधिलाई जनाउनेछ । यो अवधि दर्ता किताब बन्दको दिनबाट ३ कार्य दिन सम्म रहनेछ । शेयरधनी दर्ता किताब बन्द हुनु भन्दा १ दिन अगाडि सम्म सम्पन्न भएका कारोबारहरुका राफसाफ तथा फछ्र्यौट

भएकै दिन या भोलिपल्टको कार्यालय समय भित्रमा सम्बन्धित खरिदकर्ता राफसाफ सदस्यले आफ्नो खातामा रहेका हितग्राहीको खातामा हस्तान्तरण गरी सक्नु पर्नेछ । सो अवधिमा कारोबार भएका धितोपत्रहरुको राफसाफ तथा फछ्र्यौट प्रक्रिया NDP को अन्तिम दिनको भोलिपल्ट शुरु हुनेछ । NDP को अन्तिम दिनको Beneficial Owner (BO) Holding Report को आधारमा हितग्राहीले संस्थागत लाभ पाउने भएकोले बिक्रीकर्ता राफसाफ सदस्यले सो अवधिमा सम्पन्न भएका कारोबारसँग सम्बन्धित धितोपत्रहरुलाई सो अवधिभित्र हितग्राहीको खाताबाट आफ्नो खाता (CM Pool Account) मा सार्नु हुँदैन ।

## परिच्छेद - २

## राफसाफ बैंकहरुले राफसाफ तथा फछ्र्यौट कार्य गर्दा गर्नु पर्ने कार्य सम्बन्धी व्यवस्था

**३. राफसाफ बैंकहरुले राफसाफ तथा फछ्र्यौट कार्य गर्दा गर्नु पर्ने :** धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १२ को उपविनियम (१) बमोजिम नियुक्त राफसाफ बैंकहरुले राफसाफ तथा फछ्र्यौट कार्य गर्दा देहाय बमोजिका कार्यहरु गर्ने छन् :

(क) राफसाफ प्रयोजनको लागि तोकिएका बैंक मध्ये कुनै एक बैंक Lead Bank को रुपमा कार्य गर्नेछ र अन्य बैंक Co-Bank (सहायक बैंक) को रुपमा कार्य गर्ने छन् ।

(ख) Lead Bank र Co-Bank ले काठमाडौं भित्र तथा काठमाडौं बाहिरबाट समेत राफसाफ तथा फछ्र्यौट गर्न सहयोग गर्नेछ ।

(ग) राफसाफ सदस्यले राफसाफ प्रयोजनका निमित्त कुनै एक राफसाफ बैंक छनोट गर्नेछ र राफसाफ तथा फछ्र्यौट प्रयोजनका निम्ति एउटा राफसाफ खाता (CM Funds Pool Account) खोल्नु पर्नेछ ।

(घ) राफसाफ प्रयोजनका लागि प्रत्येक राफसाफ बैंकमा सिडिएससिको एउटा Settlement Account हुनेछ ।

(ङ) कर तथा शुल्क प्रयोजनका लागि खोलिने खाताहरु (TDS A/C, CGT A/C, SEBON A/C, NEPSE Commission A/C र CDSC A/C) Lead Bank को रुपमा कार्य गर्ने बैंकमा आवद्ध हुने छन् ।

(च) राफसाफ बैंकले आफूसँग आवद्ध राफसाफ सदस्यहरुको कारोबारको राफसाफ तथा फछ्र्यौट गर्नेछ । यसरी राफसाफ तथा फछ्र्यौट गर्दा कुनै राफसाफ बैंकमा रहेको Settlement Account मा रकम अपुग भई कुनै अर्को राफसाफ बैंकमा रहेको Settlement Account मा रकम बढी हुने अवस्था आएमा सिडिएससिको राफसाफ प्रणालीले सो रकम गणना गरी बढी भएको राफसाफ बैंकबाट रकम कम भएको राफसाफ बैंकमा आवश्यक रकम रकमान्तर गर्न सम्बन्धित राफसाफ बैंकलाई निर्देशन दिनेछ र सो को आधारमा सम्बन्धित राफसाफ बैंकले एउटा बैंकमा भएको Settlement Account बाट अर्को बैंकमा रहेको Settlement Account मा आवश्यक रकम यथाशीघ्र (Real Time Settlement) रकमान्तर गर्नेछ ।

(छ) राफसाफ तथा फछ्र्यौट प्रक्रियामा कर तथा शुल्क प्रयोजनको लागि छुट्याईएको रकम प्रत्येक राफसाफ बैंकले Lead Bank मा रहेको सम्बन्धित खातामा (TDS A/C, CGT A/C,

SEBON A/C, NEPSE A/C, DP Charge A/C र CDSC A/C र अन्य नियमानुसार खोलेका खाताहरु) रकमान्तर गर्नु पर्नेछ ।

(ज) राफसाफ बैंकले राफसाफ तथा फछ्र्यौट प्रक्रियामा Inter Bank Settlement गर्नु पर्ने अवस्थामा यथाशीघ्र Real Time Fund Settlement गर्नु पर्नेछ ।

(झ) राफसाफ प्रक्रिया धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १४ को उपविनियम (१)(ग) बमोजिम नेटिङ्ग प्रणालीको आधारमा हुनेछ र अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यविधि, २०७७ अनुसार राफसाफ तथा फछ्र्यौट कार्य गरिनेछ ।

## परिच्छेद - ३

## राफसाफ तथा फछ्र्यौट गर्दा सम्बन्धित पक्षहरुले गर्नु पर्ने कार्य सम्बन्धी व्यवस्था

४. **सिडिएससिले राफसाफ तथा फछ्र्यौट कार्य गर्दा गर्नु पर्ने :** धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (संशोधन सहित) को विनियम १२ को उपविनियम (१) को उपदफा (ग) बमोजिम राफसाफ तथा फछ्र्यौट कार्य गर्दा सिडिएससिले देहाय बमोजिम गर्नेछ :

(क) नेप्सेले हरेक दिनको कारोबार समय समाप्त भए पश्चात् सो दिन भएको धितोपत्रको कारोबारको विवरण (Trade File) सिडिएससिलाई उपलब्ध गराउनेछ ।

(ख) हरेक राफसाफ सदस्यले राफसाफ तथा फछ्र्यौट कार्यको लागि सिडिएससिमा धितोपत्रको पुल खाता (पुल एकाउण्ट) खोल्नु पर्नेछ ।

तर, राफसाफ सदस्यले एक भन्दा बढी पुल खाता (एकाउण्ट) खोल्न पाउने छैन ।

(ग) हरेक राफसाफ सदस्यले राफसाफ तथा फछ्र्यौट कार्यको लागि धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (तेस्रो संशोधन, २०७३ सहित) को विनियम १२ बमोजिमको कुनै एक राफसाफ बैंक मार्फत् राफसाफ गर्नु पर्नेछ ।

(घ) बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेको धितोपत्र कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) को अपरान्ह १२:०० बजे भित्र आफ्नो पुल एकाउण्टमा बिक्रीकर्तालाई जम्मा गराउने छ ।

(ङ) सिडिएससिले नेप्सेबाट प्राप्त कारोबारको विवरणको आधारमा हरेक राफसाफ सदस्यले कारोबार बापत बुझाउनु पर्ने रकम र पाउनु पर्ने रकम बीचको भिन्नता गणना गर्नेछ । यसरी गणना गर्दा राफसाफ सदस्यले रकम बुझाउनु पर्ने देखिएमा सो रकम कारोबार सम्पन्न भएको दुई कार्य दिन (T+2) को अपरान्ह १२:०० बजे भित्र सम्बन्धित राफसाफ सदस्यले राफसाफ बैंकमा रहेको आफ्नो राफसाफ खातामा जम्मा गर्नु पर्नेछ ।

(च) सिडिएससिले नेप्सेबाट प्राप्त कारोबारको विवरणको आधारमा हरेक राफसाफ सदस्यले कारोबार बापत बुझाउनु पर्ने धितोपत्र तथा रकम तथा बुझाएको धितोपत्र तथा रकमको गणना गर्नेछ ।

(छ) उपदफा (च) बमोजिम गणना गर्दा कुनै सदस्यले जम्मा गर्नुपर्ने धितोपत्र तथा रकम जम्मा नगरेको वा कम जम्मा गरेको पाईएमा उक्त सदस्यलाई नपुग भएको धितोपत्र तथा रकम

जम्मा गराउन सिडिएससिले निर्देशन दिनेछ । साथै रकम जम्मा गर्दा कर दस्तुर शुल्क समेत थप गर्नुपर्ने भए सो समेत थप गरी जम्मा गर्न लगाउनेछ ।

(ज) उपदफा (च) बमोजिम हरेक राफसाफ सदस्यले कारोबार बापत बुझाउनु पर्ने कर दस्तुर शुल्क समेत गणना गरी राफसाफ सदस्यको खाताबाट आफ्नो खातामा रकमान्तर गराउन सिडिएससिले राफसाफ बैंकलाई निर्देशन दिनेछ ।

(झ) उपदफा (ज) बमोजिम निर्देशन गर्दा कुनै सदस्यको खातामा रकम पर्याप्त नभएको पाईएमा उक्त जानकारी राफसाफ बैंकले सिडिएससिलाई दिनु पर्नेछ । यस्तो जानकारी प्राप्त भएमा सिडिएससिले उक्त सदस्यलाई तत्काल नपुग भएको रकम जम्मा गराउन निर्देशन दिनेछ ।

(ञ) उपदफा (क) देखि उपदफा (झ) सम्मको प्रकृया सम्पन्न भए पश्चात् सिडिएससिले खरिदकर्ताको हकमा हरेक खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गर्नुपर्ने धितोपत्रको गणना गरी उक्त सदस्यको धितोपत्रको पुल एकाउण्टमा जम्मा गरी दिनेछ तथा बिक्रीकर्ताको हकमा हरेक बिक्रीकर्ता राफसाफ सदस्यले पाउनु पर्ने रकम र बुझाउनु पर्ने रकमको भिन्नता गणना गर्दा रकम प्राप्त गर्नुपर्ने देखिएमा सो रकम राफसाफ बैंकमा रहेको पुल एकाउण्टबाट रकमान्तर गरी राफसाफ सदस्यको राफसाफ खातामा जम्मा गराउन राफसाफ बैंकलाई निर्देशन दिनेछ ।

(ट) उपदफा (ञ) बमोजिम रकमान्तर गरी रकम प्रदान गर्दा राफसाफ सदस्य ग्राहकले बुझाउनु पर्ने कर शुल्क दस्तुर आदि कट्टा गरेर मात्र रकम प्रदान गरिनेछ ।

(ठ) उपदफा (ञ) बमोजिम खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गरेको धितोपत्र आफ्नो धितोपत्रको पुल एकाउण्टबाट ग्राहकको खातामा हस्तान्तरण गर्नु पर्नेछ ।

(ड) उपदफा (ञ) बमोजिम बिक्रीकर्ता राफसाफ सदस्यले प्राप्त गरेको रकम आफ्नो राफसाफ खाताबाट ग्राहकको खातामा जम्मा गरिदिनु पर्नेछ ।

(ढ) प्रत्येक खरिद तथा बिक्री कारोबारमा लिइने हस्तान्तरण शुल्कको लागि सिडिएसिले राफसाफ बैंकमा खाता संचालन गरी धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (संशोधन सहित) को अनुसूची-१४ बमोजिमको धितोपत्र हस्तान्तरण शुल्क राफसाफ सदस्यबाट घटाई CDSC-DP A/C मा जम्मा गर्नेछ ।

(ण) उपदफा (ढ) बमोजिम जम्मा हुन आएको रकम मध्ये सिडिएससिले लिने २०% ले हुने रकम CDSC-Income A/C मा ट्रान्सफर गर्नेछ ।

(त) उपदफा (ढ) बमोजिम CDSC-DP A/C मा जम्मा भएको रकम मध्ये निक्षेप सदस्यले पाउनु पर्ने रकम अर्को महिनाको १५ गते भित्र सिडिएससिले सम्बन्धित निक्षेप सदस्यलाई भुक्तानी दिनेछ ।

**५. राफसाफ तथा फछ्र्यौट गर्दा यस सँग सम्बन्धित पक्षहरुले गर्नु पर्ने :** दफा ४ बमोजिम अभौतिक धितोपत्रहरुको राफसाफ तथा फछ्र्यौट गर्दा यस सँग सम्बन्धित पक्षहरुले देहाय अनुसारका कार्यहरु गर्ने छन् :

(क) सिडिएससिले प्रत्येक कारोबार दिनका लागि विभिन्न फछ्र्यौट चक्रको धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यको एउटा छुट्टै Settlement ID बनाउने छ ।

(ख) आईतबार देखि बिहीबार सम्मको कारोबारको लागि नेप्सेले सिडिएससिलाई सोही दिन कारोबार समाप्त भएको १ घन्टा भित्र र शुक्रबारको कारोबारको लागि सोही दिन कारोबार समाप्त भएको १/२ घन्टा भित्र कारोबार विवरण (Trade File) उपलब्ध गराउने छ ।

(ग) कारोबार भएको धितोपत्रहरुको विवरण नेप्सेबाट प्राप्त गरे पश्चात् प्रत्येक Settlement ID को आधारमा CNS पद्धतिले प्रत्येक सदस्य दलालले गरेको खरिद बिक्री कारोबारको विवरण निकालिने छ । बिक्रीकर्ता सदस्य दलालले खरिद मूल्य CNS पद्धतिमा प्रविष्टि गरे पश्चात् पूँजीगत लाभकर गणना हुनेछ ।

(घ) प्रत्येक राफसाफ सदस्यले कारोबार सम्पन्न भएकै दिन CNS सफ्ट्वेयरमा आफ्नो सम्पूर्ण ग्राहकहरुको विवरण प्रविष्टि गरी नेप्सेबाट प्राप्त ग्राहक संकेत नम्बर (NEPSE Client Code) लाई सम्बन्धित ग्राहकको नागरिकता नम्बर/स्थायी लेखा नम्बर वा कम्पनी दर्ता नम्बर/राहदानी नम्बर लगायत हितग्राही परिचय नम्बर Benificial Owner Indetification Number (BOID) सँग Mapping गर्नु पर्नेछ ।

(ङ) सिडिएससिले CNS सफ्ट्वेयरमा Trade File अपलोड गरे पश्चात् बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेका कारोबारहरु मध्ये Manual Trading सँग सम्बन्धित कारोबारहरुलाई कारोबार सम्पन्न भएको १ कार्यदिन (T+1) को अपरान्ह १२ बजे भित्र CNS सफ्ट्वेयरमा Physical Trade Marking गरी छुट्याउन सिडिएससिमा खरिदकर्ता र बिक्रीकर्ता दुवै राफसाफ सदस्यले हस्ताक्षर तथा छाप सहितको निवेदन दिनु पर्नेछ । साथै सम्बन्धित बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेका अभौतिक धितोपत्रहरुको खरिद मूल्य अन्य लागत तथा विवरणहरु सफ्ट्वेयर मा प्रविष्टि गर्नु पर्नेछ । प्रविष्टित खरिद मूल्यसँग सम्बन्धित विवरण सच्याउनु परेमा सम्बन्धित बिक्रीकर्ता राफसाफ सदस्यले धितोपत्रको Pay-in पूर्व नै सच्याउनु पर्नेछ ।

(च) बिक्रीकर्ता राफसाफ सदस्यले आफुले बिक्री गरेका धितोपत्रहरुको खरिद मूल्य (भारित औषत लागत मूल्य) अनुसूची-१ बमोजिमको फाराम मार्फत लगानीकर्ताबाट प्राप्त गरी राफसाफ प्रणालीमा राफसाफ समय अगावै प्रविष्टि गर्नु पर्नेछ ।

(छ) CNS पद्धतिले देखाएको प्रत्येक खरिदकर्ता सदस्य दलालले निजको खरिदमा बुझाउनु पर्ने SEBON Commission, NEPSE Commission, TDS, CGT, CDSC DP Commission, नियमानुसार लाग्ने अन्य कर सम्बन्धित खातामा संलग्न राफसाफ बैंकले जम्मा गर्नेछ र निज सदस्य दलालले गरेको बिक्रीको आधारमा पनि SEBON Commission, NEPSE Commission, TDS, CGT, CDSC DP Commission र नियमानुसार लाग्ने अन्य कर गणना गरी सम्बन्धित खातामा जम्मा गर्नेछ ।

(ज) प्रत्येक सदस्य दलालको खरिदबाट बिक्री घटाई सदस्य दलालको खरिद बढी भएमा बढी रकम नेप्से पूल एकाउण्टमा ट्रान्सफर गरिनेछ र बिक्री बढी भएका सदस्य दलालहरुको बैंक एकाउण्ट क्रेडिट गरिनेछ ।

(झ) यसरी प्रत्येक सदस्य दलालले पाउनु पर्ने र बुझाउनु पर्ने रकमको Netting गरे पश्चात् उपलब्ध Report को आधारमा खरिदकर्ता राफसाफ सदस्यले आफूले बुझाउनु पर्ने रकम सुनिश्चित गरी कारोबार सम्पन्न भएको १ कार्य दिन (T+1) भित्र राफसाफ बैंकमा रहेको आफ्नो खातामा जम्मा गर्नु पर्नेछ र राफसाफ बैंकले CNS सफ्ट्वेयरबाट प्राप्त हुने Fund

Pay-in Report को आधारमा राफसाफ सदस्यको खाता डेबिट गरी सिडिएससिको खाता क्रेडिट गर्नेछ र सो को विवरण CNS सफ्ट्वेयरमा पनि प्रविष्टि गर्नु पर्नेछ ।

(ञ) बिक्रीकर्ता राफसाफ सदस्यले CNS सफ्ट्वेयरमा उपलब्ध Report को आधारमा आफूले बिक्री गरेको धितोपत्र सुनिश्चित गरी कारोबार सम्पन्न भएको १ कार्य दिन (T+1) भित्र ग्राहकको एकाउन्टबाट आफ्नो पुल एकाउन्टमा सारी सक्नु पर्नेछ। सो का लागि बिक्रीकर्ताले आफुले बिक्री गरेको धितोपत्र सम्बन्धित राफसाफ सदस्यको खातामा जम्मा गर्न आवश्यक विवरण उल्लेख गरेको निर्देशन पुर्जी (Delivery Instruction Slip) सम्बन्धित निक्षेप सदस्यलाई दिनेछ । बिक्रीकर्ताले सो कार्य विद्युतीय माध्यमबाट पनि गर्न सक्नेछ ।

(ट) यदि बिक्रीकर्ता राफसाफ सदस्यले धितोपत्रको Shortage गरेको भए सम्बन्धित राफसाफ सदस्यले उक्त Shortage कुन कुन कारोबारमा भएको हो सो को जानकारी राफसाफ तथा फछ्र्यौट कार्य सुरु हुन अघि नै CNS सफ्ट्वेयरमा गराउनु पर्नेछ। यसरी Shortage Mark नगरी धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यमा कुनै जोखिम हुन गएमा यसको जिम्मेवार स्वयं राफसाफ सदस्य हुने छ ।

(ठ) सिडिएससिले कारोबार सम्पन्न भएको १ कार्य दिन (T+1) को अन्त्यमा Pay-in प्रक्रिया अगाडि बढाउनेछ । सिडिएससिले आवश्यकता अनुसार Payin समय बढीमा T+2 को फछ्र्यौट समय सम्म हुने गरी थपघट गर्न सक्नेछ । Payin प्रक्रिया अन्तर्गत राफसाफ सदस्यको पुल एकाउन्टबाट धितोपत्र र रकम डेबिट गरी सिडिएससिको सम्बन्धित एकाउन्ट क्रेडिट हुनेछ। यसरी सफ्ट्वेयरमा Payin प्रक्रिया अगाडि बढे पछि प्रविष्टि गरिएको डाटामा कुनै पनि परिवर्तन सम्भव नहुने हुँदा राफसाफ सदस्यले आफूले बुझाउने पर्ने सम्पूर्ण दायित्व अर्थात् Shortage भए/नभएको, Trade Marking तथा CGT सम्बन्धी खरिद विवरण ठिक भए/नभएको कुरा सो समय अघि नै सच्याई सही प्रविष्टि गर्नु पर्नेछ। यसरी रकम र धितोपत्रको Payin गरे पश्चात् राफसाफ सदस्यले CNS सफ्ट्वेयरबाट आवश्यक Report हेरी आफूले बुझाउनु पर्ने सबै धितोपत्र तथा रकम बुझाए/नबुझाएको यकिन गर्न सक्नेछ । यदि धितोपत्र तथा रकम नपुग भएको खण्डमा राफसाफ सदस्यले तुरुन्त नपुग धितोपत्र/रकम आफ्नो पुल एकाउन्टमा कारोबार सम्पन्न भएको २ कार्य दिन (T+2) अर्थात् Settlement Day को अपरान्ह १२ बजे सम्म जम्मा गर्नु पर्नेछ र यदि धितोपत्र नपुग भएको खण्डमा धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ अनुसार क्लोज आउट प्रक्रिया अगाडि बढाईनेछ । Closeout बापत राफसाफ सदस्यबाट लिइएको रकम राफसाफ सदस्यले ग्राहकबाट असुल उपर गर्न सक्नेछ । यसै गरी रकम नपुग भएको खण्डमा सो रकम नबुझाए सम्म खरिदकर्ता राफसाफ सदस्यले पाउनु पर्ने सम्पूर्ण धितोपत्र रोक्का गरिनेछ साथै सम्बन्धित राफसाफ सदस्यलाई धतोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (तेस्रो संशोधन, २०७३ सहित) अनुसार कारबाही अघि बढाइनेछ ।

(ड) राफसाफ सदस्यले Fund Shortage गरी सिडिएससिको खातामा रकम अभाव हुन गएमा सिडिएससिको निर्देशनमा राफसाफ बैंकले सम्बन्धित राफसाफ सदस्यको रकम धरौटी वा सो रकम बराबरको बैंक ग्यारेण्टी बाट नपुग रकम खिची सिडिएससिको खातामा राफसाफ प्रकृया शुरु भएको १ घण्टा भित्र अर्थात T+2 को अपरान्ह १ बजेभित्र रकमान्तर गर्नु पर्नेछ । यसरी राफसाफ सदस्यले राफसाफ समय भित्र Shortage रकम चुक्ता नगरे सम्म

सम्पूर्ण राफसाफ सदस्यको रकमको Pay-out रोकिनेछ। राफसाफ सदस्यले सिडिएससिको निर्देशनमा पनि माथि उल्लेख गरे बमोजिम Shortage रकम चुक्ता नगरी राफसाफ तथा फछ्र्यौट प्रकृया अवरुद्ध हुन गएमा सम्बन्धित राफसाफ सदस्यलाई धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (संशोधन सहित) अनुसारको कारवाही गरी सम्पूर्ण Pay-out रकमको राफसाफ बैंकले राफसाफ सदस्यलाई प्रदान गर्ने ब्याज बराबरको रकम हर्जना बापत तिर्नु पर्नेछ । यसरी हर्जना बापतको रकम फछ्र्यौट ग्यारिण्टी कोष (Settlement Guarantee Fund) मा जम्मा गर्नु पर्नेछ ।

(ढ) धितोपत्र र रकमको Pay-in प्रक्रिया पछि CNS सफ्ट्वेयरले कारोबार सम्पन्न भएको २ कार्य दिन (T+2) को अपरान्ह १२ बजे प्रत्येक राफसाफ सदस्यको लागि धितोपत्रको Shortage गणना गरी Close-out Debit बापतको रकम गणना गर्नेछ र साथै पूँजीगत लाभकर बापतको रकम पनि गणना गर्नेछ। यसरी पूँजीगत लाभकर र क्लोज आउट (CGT Debit, Close-out Debit) सम्बन्धी रकम गणना गरे पश्चात् सिडिएससिले उक्त रकम राफसाफ सदस्यको खाताबाट सिडिएससिको खातामा रकमान्तर गर्नको लागि राफसाफ बैंकलाई CNS सफ्ट्वेयर मार्फत् निर्देशन दिनेछ। Netting प्रक्रिया अर्न्तगत राफसाफ हुँदा CGT Debit र Close-out Debit बापतको रकमलाई Funds Pay-out बापतको रकमसँग समायोजन गरिनेछ ।

(ण) रकम रकमान्तर सम्बन्धी कार्यको लागि राफसाफ बैंकले CNS सफ्ट्वेयरमा रहेको Bank Interface को प्रयोग गर्नेछ । उक्त Interface मा रहेको Funds Pay-in, CGT Debit, Close-out Debit सम्बन्धी प्रत्येक Report हेरी बैंकले आफ्नो सफ्ट्वेयर मा आवश्यक Debit/Credit गर्नेछ । उक्त Debit/Credit को Confirmation राफसाफ बैंकले CNS सफ्ट्वेयरमा पनि गर्नु पर्नेछ ।

(त) धितोपत्र र रकमको Pay-in गरे पश्चात् CNS सफ्ट्वेयरले राफसाफ सदस्यले पाउने धितोपत्र र रकमको गणना गरी Pay-out प्रक्रिया अगाडि बढाउनेछ। धितोपत्रको Pay-out को लागि CNS सफ्ट्वेयरको निर्देशन अनुसार CDAS सफ्ट्वेयर मार्फत् सिडिएससिको धितोपत्रको पुल एकाउन्टबाट खरिदकर्ता राफसाफ सदस्यको पुल एकाउन्टमा खरिद गरिएका धितोपत्रहरु जम्मा हुनेछन् र रकमको Payout को लागि Funds Pay-out, Close-out Credit सम्बन्धी रकम गणना गरी सिडिएससिले उक्त रकम सिडिएससिको खाताबाट राफसाफ सदस्यको खातामा रकमान्तर गर्नको लागि राफसाफ बैंकलाई CNS सफ्ट्वेयर मार्फत् निर्देशन दिनेछ । यसरी CNS सफ्ट्वेयरको निर्देशन पछि बिक्रीकर्ता राफसाफ सदस्यले पाउने रकमको रकमान्तर सम्बन्धी कार्यको लागि राफसाफ बैंकले CNS सफ्ट्वेयरमा रहेको Bank Interface को प्रयोग गर्नेछ। उक्त Interface मा रहेको Fund Pay-out, Close-out Credit, नियमानुसार लाग्ने अन्य कर सम्बन्धी प्रत्येक Report हेरी बैंकले सम्बन्धित खातामा आवश्यक Debit/Credit गर्नेछ । उक्त Debit/Credit को Conformation राफसाफ बैंकले CNS सफ्ट्वेयरमा पनि गर्नुपर्नेछ ।

(थ) राफसाफ बैंकले आफूसँग आवद्ध राफसाफ सदस्यहरुको राफसाफ तथा फछ्र्यौट गर्नेछ। यसरी राफसाफ तथा फछ्र्यौट गर्दा कुनै राफसाफ बैंकमा रहेको सिडिएससिको Settlement Account मा रकम अपुग भई कुनै अर्को राफसाफ बैंकमा रहेको सिडिएससिको Settlement Account मा रकम बढी हुने अवस्था आएमा सिडिएससिको

राफसाफ प्रणालीले सो रकम गणना गरी बढी भएको राफसाफ बैंकबाट रकम कम भएको राफसाफ बैंकमा आवश्यक रकम रकमान्तर गर्न सम्बन्धित राफसाफ बैंकलाई निर्देशन दिनेछ र सो को आधारमा सम्बन्धित राफसाफ बैंकले एउटा बैंकमा भएको Settlement Account बाट अर्को बैंकमा रहेको Settlement Account मा आवश्यक रकम यथाशीघ्र (Real Time Settlement) रकमान्तर गर्नेछ र सो को जानकारी राफसाफ बैंकले CNS Software मार्फत् सिडिएससिलाई गराउने छ ।

(द) धितोपत्र र रकमको Pay-out गरे पश्चात् खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गरेको धितोपत्र र बिक्रीकर्ता राफसाफ सदस्यले प्राप्त गरेको रकम हितग्राहीलाई यथाशीघ्र बुझाउनु पर्नेछ ।

(ध) सिडिएससिले NEPSE Commission, SEBON Commission, CDSC Commission, TDS, CGT, DP Commission, नियमानुसार लाग्ने अन्य कर बापतको रकम सिडिएससिको खाताबाट सम्बन्धित खातामा रकमान्तर गर्नको लागि राफसाफ बैंकलाई CNS सफ्ट्वेयर मार्फत् निर्देशन दिनेछ र राफसाफ बैंकले सो निर्देशनको आधारमा सम्बन्धित खातामा आवश्यक Debit/Credit गर्नेछ। उक्त Debit/Credit को Confirmation राफसाफ बैंकले CNS सफ्ट्वेयरमा पनि गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## ग्राहकको भुक्तानी सम्बन्धि व्यवस्था

(६) **ग्राहकलाई भुक्तानी दिनु पर्ने :** अ. राफसाफ सदस्य वा सदस्य दलालको आफ्नो खातामा क्लियरिङ्ग बैंक मार्फत् रकम प्राप्त गरिसके पश्चात् सम्बन्धित ग्राहकलाई रकम भुक्तानी दिनेछ ।

आ. राफसाफ सदस्य वा सदस्य दलालले ग्राहकसँग रकम लेनदेन गर्दा A/C Payee चेक मार्फत् अर्थात विद्युतीय माध्यमबाट गर्नु पर्नेछ । कुनै ग्राहकले निवेदन गरेमा ग्राहक यकिन गरी & Co. चेक मार्फत् भुक्तानी दिन सक्नेछ ।

इ. कुनै राफसाफ सदस्य वा सदस्य दलालले ग्राहकलाई दिनु पर्ने रकम नदिएमा उक्त रकम भुक्तानी नदिए सम्म कारोबार गर्न बाट वंचित गर्ने वा दिनु पर्ने रकमको २० प्रतिशत वार्षिक ब्याज सहित भुक्तानी दिन लगाउने वा दुवै गर्न सक्नेछ । यस सम्बन्धमा सिडिएससिको निर्णय अन्तिम हुनेछ ।

ई. कुनै राफसाफ सदस्य वा सदस्य दलालले पटक पटक यस्तो कार्य दोहोऱ्याएमा र एक महिनामा ५ वटा भन्दा बढी निवेदन राफसाफ सदस्य वा सदस्य दलाल विरुद्ध प्राप्त भएमा नेपाल धितोपत्र बोर्डलाई आवश्यक कारवाहीका लागि पत्राचार गरिनेछ ।

(७) **ग्राहकले भुक्तानी नदिएको खण्डमा :** अ. राफसाफ सदस्यलाई लिखित तथा विद्युतीय माध्यमबाट आदेश दिई खरिद गरेको धितोपत्रको भुक्तानी नदिएमा सो कारोबारको राफसाफ तथा फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित राफसाफ सदस्य स्वयंको हुनेछ ।

आ. खरिदकर्ता ग्राहकले राफसाफ सदस्यलाई आफूले खरिद गरेका धितोपत्रहरुको भुक्तानी नदिएमा त्यस्ता धितोपत्रहरु जम्मा गर्ने प्रयोजनको लागि मात्र राफसाफ सदस्यले छुट्टै एउटा हितग्राही खाता खोल्न सक्नेछ ।

इ. ग्राहकले खरिद गरेको धितोपत्रको भुक्तानी T+2 भित्र नदिएमा सदस्य दलाल/राफसाफ सदस्यले T+3 पश्चात् सिडिएससिबाट स्वीकृति लिई उक्त धितोपत्र राफसाफ सदस्यको सो प्रयोजनको लागि खोलिएको हितग्राही खातामा सार्न सक्नेछ । यसरी सारिएको धितोपत्रहरु नेप्सेको स्वीकृतिमा बिक्री गर्न सकिने छ । बिक्री गर्दा नाफा हुन गएमा नाफा बराबरको रकम राफसाफ प्रत्याभुती कोष (Settlement Gaurentee Fund) मा राखिने छ । तर घाटा भएमा घाटा भए बराबरको रकम सदस्य दलालले सम्बन्धित ग्राहकबाट असुल गर्नेछ ।

ई. उपदफा (ठ) तथा उपदफा (प) को आ. बमोजिम ग्राहकले राफसाफ सदस्यलाई भुक्तानी गर्नु पर्ने रकम भुक्तानी नगरेमा राफसाफ सदस्यको सिफारिशमा सिडिएससिले उक्त ग्राहकलाई धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ (तेस्रो संशोधन, २०७३ सहित) को विनियम २३ बमोजिम कारवाही अगाडि बढाउन सक्नेछ ।

# अनुसूची - १

## शेयर लागत विवरण अध्यावधिक गर्ने फाराम

## दफा ५ को उपदफा (च) संग सम्बन्धित

श्री ........................

सदस्य दलाल नं. :

**विषय : आधार मुल्य अद्यावधिक गरिदिने बारे ।**

**महोदय,**

उपर्युक्त सम्बन्धमा देहाय बमोजिमका कम्पनीहरूको आधार मूल्य अद्यावधिक गरिदिनुहुन अनुरोध गर्दछु ।

| कम्पनी | शेयर कित्ता | लागत | खरिद सम्बन्धी विवरण (Proof of purchase) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा कित्ता | | | |
| भारित औसत लागत गणना(Weighted Avg Price) | | | |

- खरिद सम्बन्धी विवरण मा सो शेयर को खरिद भए कारोबार नम्बर ,
- बोनस, हकप्रद शेयर को हकमा लागत मूल्य .
- अथवा अन्य कुनै विवरण

<u>लगानीकर्ताको विवरण</u>

नाम:

हितग्राही नम्बर:

नेप्से client कोड:

स्व: घोषणा - माथि उल्लेखित सम्पूर्ण विवरण ठीक साँचो हो ,उक्त विवरणमा केहि फरक पर्न गएमा कानुन बमोजिम सहुँला बुझाउँला |

| दायाँ | बायाँ |
|---|---|
| | |

------------------------

हस्ताक्षर र मिति

पुनश्च:

भारित औसत लागत गणना गर्दा मिति २०५८/०४/०१ गते स्वामित्वमा रहेको शेयरको हकमा २०५८/०४/०१ को बजार मूल्य सो मिति भन्दा पछाडी खरिद भएका शेयरको हकमा लागत मूल्य र बोनस शेयरको हकमा किताबी मूल्य को जम्मा रकमलाई लागत मानिने ।